# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

(स्थानीय राजपत्र)

खण्ड १ बर्ष ३ अंक ६ मिति : माघ ७ गते २०७६

स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग -१



Scanned by CamScanner

खण्ड १ बर्ष ३ अंक ६ मिति : माघ ७ गते २०७६

# बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन,२०७६

नगरसभाबाट पारित मितिः२०७६।०९।२७

**प्रस्तावनाः**

देशको सर्वाङ्गीण एवम् युगान्तकारी विकासको लागि विश्व वजारमा समायानुकूल प्रतिस्पर्धी जनशक्ति तयार गरी प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार र मानवीय मूल्य र मान्यता प्रवर्धनका लागि स्थानीय राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित जनशक्ति तयार गर्नका निमित्त यस स्थानीय तहमा स्थापना हुने तथा स्थापना भई सञ्चालन भई रहेका १२ कक्षा सम्मका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी चुस्त दुरुस्त गुणस्तरीय शिक्षा विकास गर्न वाञ्छनीय भएकोले "नेपालको संविधान २०७२" को धारा ५७ (४) , धारा २१४ (४) , धारा २२६ (१) को अनुसूची ८ को क्र.सं. नं. ८ तथा "स्थानीय सरकार सञ्चालन ऐन" २०७४ को दफा १०२ (१) वमोजिम बुद्धभूमि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भिक :

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम "वुद्धभूमि नगर शिक्षा ऐन, २०७६" रहेको छ।

(२) यो ऐन वुद्धभूमि नगरपालिका भर लागू हुनेछ।

(३) यो ऐन नगर सभाले पारित गरे पश्चात लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ख) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ग) **"नगरपालिका"** भन्नाले बुद्धभूमि नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) **"नगर सभा"** भन्नाले बुद्धभूमि नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ङ) **"समावेसी शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ।

(च) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै तहको शिक्षा सम्झनु पर्छ।

(छ) **"प्राविधिक तथा ब्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ज) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(झ) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ञ) **"शिक्षक"** भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

(ट) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(ठ) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ड) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ढ) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(ण) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागिकुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(त) **"प्रारम्भिक बालशिक्षा"** भन्नाले पाँचवर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ।



Scanned by CamScanner

(थ) "स्रोत व्यक्ति" भन्नाले मा. वि. तहको स्थायी शिक्षक मध्येबाट विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय कार्यका लागि नगरपालिकाले तोकेको व्यक्ति सम्झनु पर्दछ।

(द) "धार्मिक विद्यालय" भन्नाले कुनै धर्म विशेषको आधारमा खोलिएको विद्यालय बुझिने छ।

(ध) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई सम्झनु पर्दछ।

## परिच्छेद– २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

**३. माध्यमिक शिक्षाको प्रकार:** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

**४. शिक्षाको माध्यम:**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:

(क) आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ।

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**५. विद्यालयको वर्गीकरण:** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ :

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत विद्यालय,

(ग) गुठी विद्यालय,

(घ) धार्मिक विद्यालय।

**६. विद्यालय सञ्चालन गर्न अनुमति लिनु पर्ने:**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिससहित नगरपालिका प्रमुख समक्ष तोकिएको समयमा अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त पालना गर्ने गरी आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त पालना गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा आधारभूत तह भए प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगरपालिका प्रमुखले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले अनुमति तथा स्वीकृति दिनेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न आधारभूत तह भए शिक्षा शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिका प्रमुखले अनुमति तथा स्वीकृति दिनेछ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तहका लागि प्रमुख प्रशासकीय अधिकृतले र माध्यमिक तहको हकमा नगरपालिका प्रमुखबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएब मोजिम हुनेछन्।

(८) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न



Scanned by CamScanner

अनुमति वा स्वीकृति दिइने छैन। तर कानुनले तोकेका प्रक्रिया पूरा गरी पुरा भएमा स्वीकृत दिन बाधा पर्ने छैन।

(९) विद्यालय सञ्चालन तोकिएव मोजम हुनेछ। संस्थागत विद्यालयको सुरु अनुमति तथा थप अनुमति तथा कक्षा थप अनुमतिको लागि तोकिएको बमोजिम दस्तुर तथा धरौटी लाग्ने छ।

(१०) विद्यालय सञ्चालन तथा अनुमति तोकिए बमोजिमको आधारमा हुनेछ।

**७. नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम गर्न सक्नेछः**

**८. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

**९. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका, ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, गाभ्न, नाम परिवर्तन र वन्द गर्न सक्ने छ। तर यसरी विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, गाभ्न, नाम परिवर्तन र वन्द गर्न शैक्षिक सत्रको अन्त्यमा गरिने छ। थप अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समिति मार्फत नगरपालिकामा स्वीकृतिका लागि पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस हुने आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

**१०. नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछः

(क) नगरपालिकाको प्रमुख -अध्यक्ष

(ख) नगर कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(ग) नगरपालिकाले तोकेको नगर कार्यपालिका सदस्यहरु मध्येबाट एक जना महिला -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितीले मनोनित गरेको -१ जना -सदस्य

(ङ) शिक्षा क्षेत्रमा लामो अनुभव प्राप्त, सेवा निवृत्त शिक्षक मध्येबाट नगर प्रमुखबाट मनोनित गरेका १ जना -सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु वा शिक्षकमध्येबाट नगर शिक्षा समितिले मनोनित एक महिला सहित २ जना -सदस्य

(छ) शिक्षा प्रेमि, समाजसेवी मध्येबाट नगर शिक्षा समितिले मनोनित एक जना -सदस्य

(ज) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(झ) नेपाल शिक्षक महासंघको नगर प्रतिनिधि १ जना -सदस्य

(ट) शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख -सदस्य सचिव

(ठ) नगरपालिकाको वडा अध्यक्ष, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, धार्मिक/गुठी/प्राविधिक विद्यालय र विषय विज्ञहरुलाई आवस्यक अनुसार आमन्त्रण गर्न सकिने छ।

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा नगरकार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सकिनेछ। तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**११. शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकारः**

शिक्षा शाख प्रमुखको काम कर्तव्य अधिकार तोकिए वमोजिम हुने छ।

**१२. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छः

*(क) सम्बन्धित वडाको वडाध्यक्ष* -अध्यक्ष

*(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको दलित महिला १ जना* -सदस्य

*(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको १ जना* -सदस्य

*(घ) सम्वन्धित वडामा वसोवास गरेका शिक्षा क्षेत्रमा लामो अनुभव प्राप्त सेवा निवृत्त शिक्षक मध्ये र संस्थापक*



Scanned by CamScanner

विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट नगर शिक्षा समितिबाट मनोनित सदस्य २ जना -सदस्य

(ङ) सामुदायिक विद्यालयका प्र.अ. हरू मध्येबाट वडा शिक्षा समितिले तोकेको १ जना -सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिमहुनेछः

**१३. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

(१) यस ऐन अन्तरगत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्रबाहेक सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमका सदस्य रहने गरी एक विद्यालय व्यवस्थापन समिति रहने छ।

(क) अभिभावकहरुले आफूहरुमध्ये बाट छानी पठाएका दुई जना महिला सहित ४ जना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडाको सदस्य १ जना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय शिक्षा प्रेमी, वुद्धिजीवि तथा चन्दादाताहरु मध्येबाट एक जना महिला सहित समितिबाट मनोनित २ जना -सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येवाट छानी पठाएको प्रतिनिधि एक जना -सदस्य

(ङ) प्रधानाध्यापक -सदस्य सचिव

दफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट सदस्यहरुले छानेको व्यक्ति समितिको अध्यक्ष चुनिनेछ।

(च) विद्यालय व्यवस्थापन समितिको बैठकमा बिद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको वा उच्चतम कक्षाका एक छात्र र एक जना छात्रा गरी २ जनालाई आमन्त्रित सदस्य को रुपमा रहने छन।

(छ) अध्यक्षको छनौट नहुँदा सम्म वा अध्यक्षको अनुपस्थितिमा जेष्ठ सदस्यबाट वैठक सञ्चालन गरिने छ।

(ज) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन सदस्यहरु मध्येको विद्यालय तह अनुरुप योग्यता पर्ने, तर सो नभएमा योग्यताको बन्देज लाग्ने छैन।

(झ) प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुमा उद्योग वाणिज्य संघको प्रतिनिधि एक र शिक्षा क्षेत्रमा लामो समय सम्म अनुभव प्राप्त गरेको व्यक्ति मध्येवाट नगर प्रमुखले तोकेको एक जना गरी २ जना - सदस्य

(ञ) वि.व्य.स. को वैठकमा नगरपालिकाको शिक्षा अधिकृत, वि. नि, स्रोत व्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिने छ।

(ट) वि.व्य.स. गठनका लागि नियम १ क अनुसार अभिभावकहरु मध्येवाट ४ जना सदस्य छनौटका लागि ३ पटक सम्म भेला द्वारा सम्पन्न हुन नसकेमा नगर शिक्षा समितिबाट बढिमा ५ सदस्यीय तपसीलको अस्थायी वि.व्य.स. गठन गरी कार्यभारको जिम्मा लगाउन सक्नेछ। तर उक्त समितिको कार्यकाल बढिमा ६ महिना मात्र हुनेछ।

(ठ) विद्यालयका अभिभावकहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित अध्यक्ष १ सहित २ जना -सदस्य

(ड) वडा शिक्षा समितिबाट मनोनित सदस्य १ जना -सदस्य

(ढ) शिक्षक प्रतिनिधि १ जना -सदस्य

(ण) प्रधानाध्यापक -सदस्य सचिव

(२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१४. शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक विद्यालयमा अभिभावक, शिक्षक तथा विद्यार्थी बीच सहकार्य, वि.व्य.स. लाई सहयोग गर्न तथा विद्यालयको समग्र विकास गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिम सदस्यहरू रहेको एक शिक्षक अभिभावक संघ रहनेछ।

(२) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक–अभिभावक संघ रहनेछ।

(३) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक–अभिभावक संघको कार्यकारी समिति गठन गर्नुपर्नेछ।

(४) उपनियम (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि २ वर्षको हुनेछ।

(५) उपनियम (२) बमोजिमको कार्यकारी समितिको बैठक ३ महिनामा कम्तिमा १ पटक बस्नेछ र सो समितिको बैठकसम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(६) उपनियम (२) बमोजिम कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नका लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावलीबमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,



Scanned by CamScanner

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने।

(७) संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा ७ सदस्यमा नबढाई गर्नुपर्नेछ।

**१५. स्रोत व्यक्ति सम्बन्धी व्यवस्था:**

(१) नगरपालिका भित्रको शैक्षिक सुदृढीकरण, व्यवस्थापकीय पक्षलाई बलियो बनाउन र विद्यालयमा शिक्षण सिकाइ सहजीकरणका लागि बुद्धभूमि नगरपालिकामा एक स्रोत व्यक्ति हुने छ।

(२) स्रोत व्यक्ति छनौटका लागि नगरपालिका भित्र माद्यमिक तहमा स्थायी भई कम्तीमा ५ वर्ष शिक्षण अनुभव भएको व्यक्ति मध्येबाट नगरशिक्षा समितिले छनौट गर्न सक्ने छ। सो छनोटको लागि नगर शिक्षा समितिले कार्य विधि बनाउन सक्ने छ।

(३) हाल कार्यरत रहेको स्रोत व्यक्ति यसै ऐन वमोजिम भएको मानिने छ।

(४) स्रोत व्यक्तिको काम, कर्तव्य, अधिकार तोकिए वमोजिम हुने छ।

**परिच्छेद -३**

**१६. स्थायी अध्यापन अनुमति पत्र लिनु पर्ने:**

(१) अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षकपदका लागि उम्मेदवार हुन पाउने छैन।

(२) उपदफा (१) मा जुन सुकै कुरा उल्लेख भएपनि अङ्ग्रेजी, विज्ञान, गणित र कम्प्युटर जस्ता विषयका शिक्षक उपलब्ध नभएमा नपरपालिकाको शिक्षण अनुदान, प्रोत्साहन अनुदान र निजि स्रोत शिक्षकका लागि बाध्य मानिने छैन।

(३) दफा (१) जुनसुकै कुरा लेखिएको भएपनि प्राविधिक धारका शिक्षकलाई अध्यापन अनुमतिपत्र बाध्य हुने छैन।

**१७. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:**

(१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पदीय आचरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. अदालतको आदेशबाट पुनः वहालि हुन सक्ने :**

(१) विभागीय सजायभई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनःवहालि हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनःवहालि भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःवहालि भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

**१९. तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने:**

(१) दफा १८ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन।

**२०. स्थायी आवासीय अनुमति लिन नहुने:**

(१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमतिप्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ।

**परिच्छेद -४**

**शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकास**

**२१. शिक्षकको नियुक्ति**

(१) विद्यालयमा रिक्त दरबन्दी तथा राहत शिक्षक पदमा अस्थायी, करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ:

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको वि.व्य.स. सदस्य -अध्यक्ष

(ख) बिषयगत रोस्टर मध्येबाट नगर शिक्षा समितिले तोकेको विषय विशेषज्ञ १ जना - सदस्य

(ग) विषय गत रोस्टर मध्येवाट वि. व्य. स.ले तोकेको विषय विशेषज्ञ १ जना - सदस्य

(घ) नगरपालिकाको शिक्षा युवा तथा खेलकूद शाखाको प्रमुख वा शाखाले तोकेको प्रतिनिधि १ जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षक -सदस्य सचिव

(२) शिक्षक छनोट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२२. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।



Scanned by CamScanner

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२३. शिक्षकको सरुवा:**

(१) कुनै शिक्षकले सरुवा हुन चाहेमा तोकिए बमोजिमका ढाँचामा नगरपालिकामा आबेदन दिनु पर्ने छ।

(२) सामान्यत अस्थायी , करार, राहत, शिक्षण अनुदानमा कार्यरत तथा प्राविधिक धारमा कार्यरत शिक्षकको सरुवा गरिने छैन तर उचित कारण भएमा त्यस्ता शिक्षकलाई नगर शिक्षा समितिले सरुवा गर्न सक्ने छ।

(३) नियुक्ति भएको १ वर्ष सम्म सामान्यतया शिक्षकको सरुवा गरिने छैन।

(४) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२४. दरबन्दी मिलान:**

(१) शिक्षक विद्यार्थी अनुपातको आधारमा बढी दरवन्दी भएको दिद्यालयबाट कम दरबन्दीभएको विद्यालयमा नगर शिक्षा समितिले दरबन्दी मिलान गर्न सक्ने छ।

(२) दरवन्दी मिलान गर्दा शिक्षक पेसागत प्रतिनिधिलाई आमन्त्रण गरिने छ।

**२५. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:**

(१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको कानून बमोजिम हुनेछ।

(२) स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा,सर्त तथा बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२६. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था:**

(१) शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

(२) नगरपालिका भित्र शिक्षकलाई तालिम तथा क्षमता विकास प्रदान गर्दा अरु कर्मचारी सरह सेवा सुविधा प्रदान गरिने छ।

**२७. शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा वाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धीकाम, दैवीप्रकोप उद्धार वा संघीय, प्रादेशिक सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**२८. शिक्षकको विदा सम्बन्धमा:**

(१) शिक्षक तथा कर्मचारीको विदा सम्बन्धमा तोकिए बमोजिम हुने छ।

## परिच्छेद- ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**२९. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :**

(१) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

**३०. विद्यालयको सम्पत्ति:**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ। यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच–बिखन गरी प्राप्तभएको रकम सम्बन्धित नगरपालिको नगर शिक्षा कोषमा जम्मा गरिने छ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमाकुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ।तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय, प्रादेशिक सरकार र नगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चलअचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन।

**३१. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन :**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानूनबमोजिम भोग चलन गर्न सक्ने छ।

(२) सामुदायिक विद्यालयको नाममा रहेको जग्गा बेचविखन, सट्टापट्टा गर्न पाईने छैन।



Scanned by CamScanner

(३) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।

(४) सामुदायिक विद्यालयको जगाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका रहने छ।

३२. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ।

(२) आधारभूत तह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ।

(३) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामाग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

**३३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्ने छ।

(२) सह क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -६

## संस्थागत (निजी) विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**३४. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति र स्वीकृति लिनु पर्नेछ।**

**३५. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

| | |
|---|---|
| (क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनित | -अध्यक्ष |
| (ख) अभिभावकहरू मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना | -सदस्य |
| (ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना | -सदस्य |
| (घ) सम्बन्धित क्षेत्रको श्रोतव्यक्ति | -सदस्य |
| (ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको १ जना | -सदस्य |
| (च) विद्यालयको प्रधानाध्यापक | -सदस्य सचिव |

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**३६. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछः**

**३७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) भर्ना भएका कूल बिद्यार्थी संख्याको १० प्रतिशत नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, अति बिपन्न, अपाङ्गता भएका छात्रा, दलित र जनजाती विद्यार्थीलाई छात्रवृत्ति उपलव्ध गराउनु पर्ने छ।

(२) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३८. अनुगमन तथा मूल्याङ्कनः**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समिति ले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

**३९. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमविपरित अन्य कुनै गैरकानूनी काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ। तर त्यसरी अनुमतिवा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद -७

**४०. परीक्षा सञ्चालन तथा गुणस्तर मापन र आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) आधारभूत तहको कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ।

(२) आधारभूत तहको अन्तिम परीक्षालाई मर्यादित, व्यवस्थित रुपमा सञ्चालन गर्न तपसील बमोजिमको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा



Scanned by CamScanner

सञ्चालन तथा व्यवस्थापन समिति रहने छ।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयका प्र.अ. वा शिक्षक मध्ये १ जना महिला सहित २ जना -सदस्य

(घ) शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख -सदस्य सचिब

(३) परीक्षा समितिले सम्बन्धित बिषयका विशेषज्ञका रुपमा स्रोतव्यक्ति तथा बढिमा ३ जना व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ।

(४) आधारभूत तह कक्षा ३ र ५ को परीक्षा नगर स्तरीय रुपमा सञ्चालन हुन सक्नेछ।

(५) परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## विद्यालयलाई दिईने अनुदान, लेखाव्यवस्थापन, अनुगमन र नियमन

**४१. विद्यालय कोष:**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायबमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्तअनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

**४२. अनुदानको व्यवस्था:**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिएबमोजिमको अनुदान दिन सक्नेछ।

**४३. लेखा व्यवस्थापन:**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न वेग्लै लेखाशाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ।

**४४. सामुदायिक विद्यालयको खाता सञ्चालन:**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गर्नु पर्नेछ र आधारभूत विद्यालयमा वि.व्य.स.का अध्यक्ष र प्र.अ. को संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ।

**४५. लेखा परीक्षण तथा सामाजिक परीक्षण:**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको दर्तावाल लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्तभएको १५ दिनभित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेस गर्नुपर्नेछ।

(३) आ.व. समाप्त भएको १ महिना भित्र विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि,विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक गरी अनुमोदन गर्नु पर्नेछ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ।

**४६. छात्रवृतिको व्यवस्था गर्न सक्ने:**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**४७. शुल्क सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क



Scanned by CamScanner

लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ तर अपाङ्ग, असहाय, अतिविपन्न परिवारका वालवालिका संग कुनै शुल्क लिईने छैन।

(५) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षा मा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(६) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ।

(७) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले १ लाख देखि ३ लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**४८. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिस्ट्रेसन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद -९
## स्रोतकेन्द्र सम्बन्धी व्यवस्था

**४९. स्रोतकेन्द्र स्थापनाः**

(१) नगरपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्यूनतम एउटा स्रोतकेन्द्र रहने छ।

(२) स्रोतकेन्द्र तथा स्रोत व्यक्तिबाट बार्षिक तथा मासिक कार्य योजना बनाई शिक्षा शाखा प्रमुखबाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद -१०
## प्राविधिक तथा व्यवसायिक शिक्षा

५०. (१) नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथै CTEVT कार्यक्रम निर्धारित विषय अध्यापन गराउन सकिने छ। यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

## परिच्छेद -११

**५१. खुल्ला तथा विशेष शिक्षा तथा धार्मिक विद्यालय सम्वन्धी व्यवस्था।**

(१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, धार्मिक विद्यालय, खुला तथा अनौपचारिक शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद -१२
## विविध

**५२. विद्यालयको विधानः**



Scanned by CamScanner

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्यमान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ।

(२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेस गर्नु पर्नेछ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ।

(६) विद्यालयको विधान तोकिए बमोजिम हुने छ।

**५३. नगरपालिकाले निर्देशनदिन सक्ने:**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**५४. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ र राजनीतिक गतिविधि गर्न पाईने छैन।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**५५. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यहार गर्न नहुने:**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यहार गर्न पाइने छैन।

(३) कुनै अमर्यादित र अवान्छनीय गतिविधि बाट विद्यालयमा आँच आएमा वि.व्य.स. को निर्णय अनुसार निष्काशन वा कार्वाही गर्न सकिने छ।

**५६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कार्यक्रम सञ्चालन गर्न नपाइने :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशीमुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशीमुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५७. प्रगति विवरण बुझाउनु पर्ने:**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ।

**५८. शिक्षा विकास कोष**

१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र बसोवास गर्ने अतिविपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गरिने छ।

२) कोषमा देहायब मोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

३) कोषको सञ्चालन तोकिएको बमोजिम हुनेछ।

**५९. दण्ड सजाय:**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः–

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित



Scanned by CamScanner

कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्यकुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा, सञ्चालन गरेमा,

(झ) कानून विपरितको अन्य कार्य गरेमा ,

(ञ) लगातार तोकिए बमोजिम सिकाई उपलब्धि हासिल नगरउने शिक्षकलाई तोकिए बमोजिमको कार्वाही हुनेछ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागे सम्म निलम्बन हुनेछ। सो शिक्षक कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

**६०. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश वा फैसला उपर कानून वमोजिम पुनरावेदन लाग्ने छ।

**६१. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर पालिकाले आवश्यक नियम र निर्देशिका बनाउन सक्नेछ।

**६२. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगरपालिकाले दिन सक्नेछ।

**६३. बाधा अडकाउ फुकाउः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिना भित्र माअनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

**६४. कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सकिने।**

(क) एकमुष्ट अनुदानमा आधारित विद्यालय सञ्चालन।

(ख) असल शिक्षक प्रोत्साहन।

(ग) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग।

(घ) नमुना विद्यालय छनोट र विकास।

(ङ) गरिवीको रेखामुनि रहेका बालबालिकाहरुका लागि शैक्षिक प्रोत्साहन।

(च) शिक्षक दरबन्दी व्यवस्थापन एवम् मिलान।

(छ) सह तथा अतिरिक्त क्रियाकलाप सचालन।

(ज) शैक्षिक क्यालेन्डर प्रकाशन तथा प्रयोग।

(झ) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन सम्वन्धी।

(ञ) अन्तर विद्यालय सहयोग अनुदान।

(ट) शिक्षक छनोट एवम् परीक्षा सञ्चालन व्यवस्थापन सम्बन्धी।

**६५. वचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम्मा लेखिए जति कुरामा यसै ऐन बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन।

(३) संविधानसंग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानूनवमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन।

आज्ञाले

लिल बहादुर राउत क्षेत्री

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत



Scanned by CamScanner